# साहित्यिक र राजनीतिक परिवृत्तमा डायमनशमशेर राणा

*विष्णु न्यौपाने, पिएच.डी.*[*]

**लेखसार**

*डायमनशमशेर राणा नेपाली साहित्य र राजनीतिक क्षेत्रमा नाम चलेका व्यक्ति हुन् । यिनै दुई व्यक्तित्व निर्माणमा यिनको जीवनमा आइपरेका विभिन्न पक्षहरूको प्रत्यक्षपरोक्ष प्रभाव परेको बुझिन्छ । यिनले ऐतिहासिक यथार्थवादी नेपाली उपन्यास परम्पराको प्रर्वतन र प्रवर्द्धन गरेका हुन् । आफ्ना उपन्यासमार्फत् राणाकालीन शासन व्यवथाका गुप्ततुप्त विविध पक्षहरू यिनले जनमानसमा ल्याइदिए । यिनी देश र जनताको हकहितमा लामो समयसम्म सङ्घर्ष गर्ने राजनीतिक व्यक्ति हुन् । यिनी देशप्रेमी, वतन्त्रताप्रेमी र लोकतन्त्रवादी राजनीतिज्ञ हुन् । यिनी निष्ठावान् राजनीतिका नमुना, नेपाली राजनीतिका प्रजातान्त्रिक समाजवादका व्याख्याता र प्रचारक पनि हुन् । यिनको साहित्यिक योगदान र राजनीतिक विचारका आरोहअवरोहको मूल्याङ्कन गर्नु औचित्यपूर्ण र सान्दर्भिक रहन्छ । यिनको साहित्यिक र राजनीतिक व्यक्तित्व निर्माणका विभिन्न पक्षहरूको निरूपण गर्नु यस लेखको उद्देश्य हो । सो उद्देश्यपूर्तिका लागि यस लेखमा उनको जन्मदेखि मृत्युसम्मका विविध महत्वपूर्ण पक्षको सूक्ष्म अवलोकन गरी उनको व्यक्तित्व पहिल्याइएको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यो लेख डायमनशमशेरको व्यक्तित्त्व जान्न र बुझ्न चाहने विद्यार्थी, शिक्षक, अनुसन्धाता, बुद्धिजीवीका लागि उपयोगी बनाउने प्रयास गरिएको छ ।*

***शब्दकुञ्जी :*** *वाभिमान, ऐतिहासिक यथार्थवाद, प्रजातान्त्रिक समाजवाद, समाजवादी चिन्तन, चेतनाको संयोजन ।*

## परिचय

डायमनशमशेर राणा (१९७५-२०६७) ले नेपाली साहित्यको उपन्यास विधामा कलम चलाएका छन् । यिनी नेपाली उपन्यास परम्परामा ऐतिहासिक यथार्थवादी उपन्यासकार हुन् । यिनका सातवटा उपन्यासहरू : 'वसन्ती' (२००६), 'सेतो बाघ' (२०३०), 'प्रतिबद्ध' (२०३४), 'सत्प्रयास' (२०३८), 'अनिता' (२०४६), 'धनको धब्बा' (२०५१) र 'गृहप्रवेश' (२०५९) प्रकाशित छन् । यिनको पहिलो प्रकाशित उपन्यास 'वसन्ती' हो भने अन्तिम 'गृहप्रवेश' हो । यी उपन्यासहरूमध्ये 'वसन्ती' र 'अनिता' हिन्दी भाषामा तथा 'सेतो बाघ' अङ्ग्रेजी, फ्रान्सेली, जापानी र जर्मनी भाषामा अनुवाद भएका छन् । यो उनको लेखनीको सफलता हो । यिनी विश्वको सर्वाधिक महत्त्वपूर्ण नोवल पुरकारका लागि नाम छनौट भएका व्यक्ति हुन् । यिनी राणाकुलमा जन्मेहुर्केर पनि राणाशासनप्रति बिद्रोह गरेका, प्रजातान्त्रिक समाजवादको वकालत गरेका व्यक्ति हुन् । यिनी जहानियाँ राणाशासनको अन्त्यअभियानमा सक्रिय राजनीतिक कार्यकर्ताको रूपमा नेपाली काङ्ग्रेसको सशत्र क्रान्तिमा सामेल भएका थिए । यिनी वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएका, राजनीतिमा होमिएका, पञ्चायत कालमा लगातार छ वर्ष जेलजीवन बिताएका व्यक्ति हुन् । यिनका राजनीतिक र साहित्यिक दुई व्यक्तित्वहरूहरू पष्ट देखिन्छन् । यी व्यक्तित्व निर्माणसम्बन्धी यिनको जीवनका आरोहअवरोहको विवेचना गर्नु आवश्यक देखिएको छ ।

[*] उप-प्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी संकाय: नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल

## अनुसन्धान विधि

प्रतुत अनुसन्धानात्मक लेख पुतकालयीय अध्ययनका आधारमा द्वितीयक स्रोतहरूबाट साम्रगी सङ्कलन गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा उपलब्ध अभिलेख सामग्रीहरूबाट तथ्यहरूको सङ्कलन, व्याख्या र विश्लेषण गरी निचोडमा पुगिएको छ । अभिलेख सामग्रीहरूमा सम्बन्धित पुतक, पत्रपत्रिका, समीक्षात्मक तथा अनुसन्धानात्मक लेख रचनाहरू, सम्बन्धित उपन्यासकारका अन्तर्वार्तामा व्यक्त विचारहरू समेत संलग्न छन् । यिनै सामग्रीको विश्लेषणबाट निचोडमा पुगिएको छ ।

## डायमनशमशेर राणाको व्यक्तित्व निर्माणका आयामहरू

डायमनशमशेर राणाको व्यक्तित्व निर्माणका विभिन्न आयामहरू छन् । यस खण्डमा यिनको जन्मदेखि बाल्यकाल, शिक्षा, बसोवास, जेलजीवन, भ्रमण, प्रेरणा हुँदै मृत्युसम्मका विभिन्न सन्दर्भहरूको विवरणात्मक र विश्लेषणात्मक ढङ्गले विवेचना गरिएको छ ।

## पारिवारिक पृष्ठभूमि

डायमनशमशेर राणाको जन्म नेपालको राजनीतिक इतिहासमा वि.सं. १९०३ देखि वि.सं. २००७ सालसम्म १०४ वर्षसम्म नेपालको शासनसत्ताको बागडोर आफ्नो हातमा लिने र एकछत्र राज्यसञ्चालन गर्ने राणाखलकमा भएको थियो । विशेषतः राणाकाल भन्ने बित्तिकै जङ्गबहादुरको नाम आउछ । जङ्गबहादुर बालनरसिंहका सात भाइ छोराहरूमध्ये जेठा छोरा हुन् । यिनी बालनरसिंह कुँवरका सन्तति हुन् । बालनरसिंहका कुँवरका सात भाइ छोरामध्ये कान्छा छोरा धीरशमशेरका खलकमा डायमनको जन्म भएको थियो । यिनी सेरशमशेर र शान्ताकुमारीका नाति तथा बुधशमशेर र मोहनकुमारी राणाका छोरा हुन् ।

### जन्म र नामकरण

डायमनशमशेर राणाको जन्म वि.सं. १९७५ साल असार २१ गते (इ.१९१८।०७।०९) मङ्गलवारका दिन तत्कालीन पाल्पा जिल्लाको सरकारी भवनमा भएको थियो । पिता बुधशमशेर र माता मोहनकुमारीका तीन भाइ छोराहरूमध्ये यिनी कान्छा छोरा हुन् । पिता बुधशमशेर पाल्पाका बडाहाकिम हुँदै यिनको जन्म पाल्पामा भएको थियो । चन्द्रकान्त दाहाल नामका पण्डितले यिनको नाम डायमन्डशमशेर राखिदिएका थिए । यिनले आफ्नो नाम दयामनशमशेर राणा लेख्न चाहन्थे । हजुरबुबा, हजुरआमा, बुबाआमालाई डायमनले राखेको नाम मन नपरेपछि मध्यमार्गी बाटो लिँदै यिनले आफ्नो डायमन राखेका थिए (गिरी, २०६५, पृ. १५) । यिनी साथीभाइ माझ, साहित्यमा र राजनीतिमा यही डायमनशमशेर नामले परिचित छन् ।

### बाल्यकाल

डायमनशमशेर राणाको जन्म पाल्पामा भएकाले यिनको प्रारम्भिक बाल्यकाल यहीँ बितेको थियो । यिनको पानी हुनुभन्दा अगाडिको करिव छ महिना जति यहाँ बसेका थिए । पानीलगत्तै भने यिनी काठमाडौँ आएका थिए । तराईहुँदै काठमाडौँ आएकाले यतिबेला यिनलाई औलो रोग लागेको थियो । यतिबेला यिनी छ महिनासम्म थलापरेका थिए । यसबेला यिनको जीवन नै सङ्कटमा परेको बुझिन्छ । काठमाडौँ आएपछि

थापाथलीमा यिनी आठ वर्ष हुँदासम्म बसेका थिए । यहाँ रहदा नोकरचाकरसहित उच्च सुरक्षामा यिनको बाल्यकाल बितेको बुझिन्छ । यिनको पनि राणाकालीन खानदान भएकाले रवाजपूर्ण र तडकभडकपूर्ण रहेको बुझिन्छ । थापाथली बसाईपछि यिनको परिवार ललितपुरको कुपन्डोलमा बन थालेको थियो । यिनीको परिवार राणा भएकाले कहीँ कतै न कतै नियुक्ति हुन्थ्यो । त्यतिबेलाको चलनअनुसार बाबु जता जान्छन् छोराछोरी र परिवार पनि त्यतै जाने चलन थियो । यिनका पिता बुधशमशेर पनि कहिले पाल्पा, कहिले विरगन्ज र कहिले सप्तरी सरुवा भइरहेकाले यिनको बाल्यकाल पनि बाबु जहाँजहाँ गए त्यहीत्यहीँ बितेको बुझिन्छ ।

## शिक्षादीक्षा

डायमनशमशेरले प्रारम्भिक शिक्षा घरमा नै आरम्भ गरेका थिए । यिनी पाँच वर्षका भएपछि यिनलाई पढाउन घरमै शिक्षकको व्यवथा गरिएको थियो । यिनका प्रारम्भिककालीन साउँ अक्षर सिकाउने गुरु नरनाथ र ललिबहादुर थिए । पण्डित नरनाथ रिजालले यिनलाई बाह्रखरी सिकाएका थिए भने फट बुक माटर ललिबहादुरले अङ्ग्रेजी सिकाएका थिए । यिनी आठ वर्षका भएपछि पाटन हाइकुलमा दोस्रो श्रेणीमा भर्ना भएका थिए । यिनी दस वर्षका हुँदा वि.सं. १९८६ मा बुधशमशेर विरगन्जको बडाहाकिम नियुक्त भएकाले यिनी पनि विरगन्जमै गएका थिए तर यहाँ कुनै कुल नभएकाले यिनलाई पढ्ने अवसर मिलेन । केही समयपछि कलकत्ताबाट एस.एन.बेनर्जी नामका बङ्गाली माटर झिकाएर घरमै पढ्न थालेका थिए ( गिरी, २०६५, पृ. ३५) । यहाँ यिनले पाँच वर्ष जति अध्ययन गरे । यिनले हिन्दुथानको पटना सेन्टरमा एसएलसीको परीक्षा दिने तयारी गरे पनि बुबाको वाथ्य बिग्रेकोले परीक्षा दिन चाहिँ पाएनन् । हजुरबुबा र बुबाको देहावसानपछि डायमनशमशेरको काँधमा पारिवारिक जिम्मेवारी आएकाले पढाइलाई निरन्तरता दिन सकेनन् । बरु यिनी सेनामा सेकेन्ड लेफ्टिनेन्ट पदमा भर्ती भए । सैनिक तालिमका लागि हिन्दुथानको आर्मी कुलमा आठ महिना अध्ययन गरे । श्री ३ महाराज चन्द्रशमशेरले आफ्ना छोराहरूलाई पढाउन हिन्दुथान कलकत्ताका कर्टिस चर्च कलेजका दक्ष प्रोफेसर अनिमेसचन्द्र रायलाई झिकाएका थिए । यिनीहरूसँगै डायमनशमशेर पनि अङ्ग्रेजी पढ्न थालेका थिए । अनिमेसचन्द्र रायले अङ्ग्रेजी साहित्यकार सेक्सपिएर, किड्स, सेली, ब्राउनिङ, वड्वर्थ आदिका नाटक, कविता, उपन्यास पढाउथे । श्री ३ महाराज चन्द्रशमशेरका कान्छीपट्टीका छोराहरूसँगै डायमनशमशेरले पढ्न पाउनु उनको सौभाग्य नै थियो । यिनको औपचारिक अध्ययन यत्तिमै सीमित हुन पुगे पनि यिनले वअध्ययनबाट आफ्नो ज्ञानको सीमा भने फराकिलो बनाएको बुझिन्छ । यिनको राजनीतिक दीक्षा गोपालप्रसाद रिमालबाट आरम्भ भएको थियो भने बिपी कोइरालाबाट यिनी पारङ्गत भएका थिए । राणाशासन विरोधी अभियानमा यिनी गोपालप्रसाद रिमालको आग्रहमा नै लागेका थिए । यिनी सुन्दरराज चालिसे, आशाराम शाक्य र मूर्तिमान शाक्यको आग्रहमा परिथितिवश राजनीतिमा लागेका थिए ।

## बसोवास

डायमनशमशेर राणाको पुर्ख्यौली घर काठमाडौँको थापाथलीमा रहेको थियो । यिनको परिवार जागिरको सिलसिलामा पाल्पामा बदा यिनको जन्म भएकाले जन्मदेखि पानीसम्मको छ महिनासम्म यिनी यहीँ बसेका थिए । छ महिनापछि यिनी काठमाडौँ आएका थिए । यिनी आठवर्षको हुँदासम्म काठमाडौँको थापाथलीको पुर्ख्यौली घरमा बसेका थिए । थापाथलीपछि यिनको परिवार ललितपुरको कुपन्डोलमा बसोवास गर्न थालेका थिए । बाबु बुधशमशेर विरगन्ज, सप्तरीको बडाहाकिम नियुक्त भएकाले यिनी पनि त्यतै बसेका थिए ।

सेनामा भर्ती भएपछि तालिमको सिलसिलामा आठ महिना हिन्दुतानमा बसेका थिए । वि.सं. २०१७ देखि वि.सं. २०२३ सम्म ६ वर्ष यिनले नख्खु कारागारमा बन्दी जीवन बिताएका थिए । वि.सं. २०२३ सालमा जेलबाट छुटेपछि यिनी तराईं रौतहटको परगन्ना मिठुवा जहाँ उनको पुर्ख्यौली जग्गाजमिन रहेको थियो त्यहाँ गएर तीन महिना बिताएका थिए । यतिबेला यिनले तराईको गर्मी पनि खप्न सकेनन् । यिनी काठमाडौँ फर्किए र जीवनको अन्तिम अवथासम्म कुपन्डोलमा बसेका थिए ।

## जेलजीवन

डायमनशमशेर राणाशासन विरुद्धको अभियानमा लागेका थिए । त्यससन्दर्भमा उनी पटकपटक जेलपरेका थिए । यिनी खराब र गलत प्रवृत्तिलाई सहन सक्तैनथे यसैकारण यिनले खराब प्रवृत्तिप्रति परिवारभित्रै पनि सङ्घर्ष गरेका थिए । यिनी वि.सं. २००७ साल पूर्व नै गिरफ्तारीमा परी सत्र दिनसम्म सिंहदरबारमा थुनिएका थिए । राणाशासन विरुद्धमा खुल्लारूपमा राणाशासनलाई हाँक दिने पहिलो जुलुसको नेतृत्व यिनले गरेका थिए । यिनी एकातिर राणापरिवारभित्रकै अर्कातिर सैनिकको जागिरे पनि भएकाले राणाशासन विरुद्धको अभियान तथा राजनीतिमा लागेकाले यिनलाई कोर्टमार्सल, मृत्युदण्डको सजाय दिइयो तर संयोगवस २००७ सालको प्रजातन्त्रको घोषणासँगै उनको दुःखद अवसान हुन पाएन । "राणाजी सैन्यसेवाको व्यक्ति भएकाले विश्वासघाती भनेर फाँसी दिनुपर्ने निर्णय भइसकेको थियो । राजा त्रिभुवन वदेश फर्की राणा काँग्रेसको सरकार बनेकाले सो दुःखद घटना घटन पाएन" (भट्टराई, २०६५ : पृ. २२) । वि.सं. २०१४ मा नेपाली कांग्रेसको भद्रअवज्ञा आन्दोलनमा सहभागी भएका कारण यिनी पक्राउ परी केही समय थुनिएका थिए । वि.सं. २०१७ साल पुस १ गते राजा महेन्द्रले प्रथम जननिर्वाचित सरकारलाई अपदत गरी राजनेताहरूलाई जेलचलान गरेका थिए । डायमनशमशेर पनि सुशासनका पक्षधर र निरङ्कुशतन्त्र र खराब प्रवृत्तिका विरोधी भएकाले सरकारले यिनलाई थुनामा राख्यो । यिनले वि.सं. २०१७ साल पुस १ गते देखि वि.सं. २०२३ सम्म छ वर्ष नख्खु कारागारमा कष्टपूर्ण जेलजीवन भोगेका थिए ।

## भ्रमण

डायमनशमशेर राणाले वि.सं. १९९९ मा मित्रराष्ट्र भारतको पहिलो अन्तर्राष्ट्रिय भ्रमण गरेका थिए । यतिबेला सैनिक तालिमका लागि यिनी भारत गएका थिए । यिनी पेन इन्टरनेसनलको नेपाल शाखामा आवद्ध थिए । यसै सन्दर्भमा यिनले सन् १९९४ मा पोर्चुगलको भमण गरेका थिए । यसै वर्ष यिनले जर्मनी र फ्रान्सको पनि भ्रमण गरेका थिए । यिनले बेलायतको पनि भ्रमण गरेका थिए । यिनको 'सेतो बाघ' उपन्यास विश्वमा प्रसिद्धि कमाएको उपन्यास हो । यसै उपन्यासले यिनलाई विश्वभ्रमण गरायो र अत्तर्राष्ट्रिय साहित्यकारका रूपमा पनि परिचित गरायो ।

## प्रेरणा

डायमनशमशेर राणाले औपचारिक अध्ययन, वअध्ययन र पारिवारिक वातावरणबाट साहित्यिक र राजनीतिक क्षेत्रमा लाग्ने प्रेरणा प्राप्त भएको थियो । यिनमा साहित्यमा लाग्ने प्रेरणाको स्रोत औपचारिक र अनौपचारिक शिक्षा हो भने राजनीतिमा लाग्ने प्रेरणाको मूल स्रोत पारिवारिक वातावरण हो । उनले देखेको र भोगेको वारिवारिक वातावरणबाट उनमा सामाजिक न्यायको भावना जागृत भएको थियो । कसैले हड्डी घोटेको र कसैले मती लुटेको वातावरणले उनमा समानताको भाव उत्पन्न भएको थियो । हड्डी घोट्नेहरू

एक गाँस खान र एक सरो लाउन नपाउने अनि यिनैको हड्डी घोटी अर्काथरिहरू चन्दन लगाउने तत्कालीन वातावरणले उनमा समाजवादी चिन्तनको प्रादुर्भाव भएको थियो । यिनको बाल्यकालमा हिन्दुथानका कलकत्ता कर्टिस चर्च कलेजका दक्ष प्रोफेसर अनिमेसचन्द्र रायबाट प्रभावित थिए ।

वातवमा प्रोफेसर अनिमेसचन्द्र राय मेरा गुरु थिए जसले मेरो सोचाइमा आमूल परिवर्तन ल्याइदिए । मेरो सानो ज्ञान र सोचाइलाई संसारलाई नै बुझ्ने गरी फैलाइदिए । त्यसबेलादेखि म राजनीति पनि बुझ्न थालेको हुँ । बितारैबितारै समय र परिथितिलाई विश्लेषण गर्न सक्षम हुँदै गएँ । उनले दिएको शिक्षाले आजसम्म पनि मलाई मार्गनिर्देशन गरिरहेको छ । म प्रोफेसर अनिमेशप्रति आभारी छु, अनुगृहित छु । मेरो चेतनाको आँखा खोल्ने त प्रोफेसर अनिमेशचन्द्र राय नै थिए । उनले गर्दा नै सत्कर्मतिर लागे । नत्र मलाई किन राणशासनको सुधार चाहिनु (गिरी, २०६५, पृ. ३७-४२) ।

राणाशासन विरोधी अभियानमा डायमनशमशेर गोपालप्रसाद रिमालको आग्रहमा लागेका थिए । आशाराम शाक्य, मूर्तिमान शाक्य र सुन्दरराज चालिसेबाट यिनी प्रभावित थिए । यिनी बिपीलाई आदर्शवादी नेता मान्दथे । बिपीको समाजवादी चिन्तनबाट डायमनशमशेर प्रभावित थिए । यिनीको साहित्यिक प्रेरणा वि.सं. २०१७ साल पुस १ गतेदेखि वि.सं. २०२३ सम्म छ वर्ष नख्खु कारागारमा रहँदा सेक्सपिएर, सेली, किट्स, डार्विन, कालमार्क्स र विश्वका अन्य महान व्यक्तित्वहरूका पुतक पढेका थिए । यिनै महान व्यक्तित्व, यिनका विचार र कार्यदिशाबाट यिनी प्रभावित भएका थिए ।

## सेवा तथा संलग्नता

डायमनशमशेरले १७ वर्षको उमेरमा वि.सं. १९९९ बाट सेनाको सेकेन्ड लेफ्टिनेन्टबाट सेवा आरम्भ गरेका थिए । वि.सं. २००७ मा राणाशासनविरोधी अभियान र जुलुसको नेतृत्व गरेपछि यिनी थुनामा परेकाले वतः निलम्बनमा परेका थिए । वि.सं. २००७ को प्रजातन्त्रको प्राप्तिपछि जेलमुक्त भएका यिनी पुनः सेनाको जागिरमा पुनर्बहाली हुन चाहेनन् । केही समय त्यत्तिकै बसे । गोरखादल, मुक्तिसेना र राष्ट्रिय सेनाबीच भिडन्त हुने थिति आएकाले सो परिथितिको सामना गर्न र अनुकूल बनाउन त्रिभुवनको आग्रहमा यिनी जङ्गी अड्डामा खटिएका थिए । यिनले हातहतियारको व्यवथापन र सेनाको पुनर्गठन गर्ने जिम्मेवारी पाएका थिए । यिनले यी दुवै काम सफलतापूर्वक पूरा गरी नैतिकताको आधारमा पदबाट राजिनामा गरे । दरबारबाट राजा त्रिभुवनले उनलाई बोलाई दुई-तीन पद पदोन्नति गरी राजदरबार भित्रको फौजमा सम्मिलित गराउन चाहेका थिए तर प्रजातन्त्र र न्यायिक सुशासनका लागि लडेका तथा ज्यानको बाजीसमेत थापेका डायमनशाशेरका लागि यो अप्रजातान्त्रिक कदम उचित लागेन (गिरी, २०६५ : पृ. ९३) । यतिबेला उनले एक सच्चा देशभक्त र नैतिकवान भएको परिचय दिए । यिनी देश र जनताको सेवा गर्नलाई पद नै चाहिन्छ भन्ने मानसिकताका विरोधी थिए । यिनी दक्षिण अफ्रिकाका राष्ट्रपति नेल्सन मन्डेला र वि.सं. २०४६ सालको जनआन्दोलनका कमान्डर गणेशमान सिंहको कार्य र विचारबाट प्रभावित थिए । यिनको सङ्घर्ष पद र लाभका लागि नभई प्रजातान्त्रिक पद्दतिका लागि थियो । यसपछि यिनी नेपाली कांग्रेस पाटन शाखाको सभापति भई सङ्गठन वितारमा लागे । वि.सं. २०१५ को आमनिर्वाचनमा पनि आफू पार्टीको जिल्ला सभापति हुँदाहुँदै पनि अर्कालाई सिफारिस गरी वच्छ र इमान्दारिताको राजनीतिको परिचय दिएका थिए । वि.सं. २०१६ सालमा यिनीलाई सरकारले पाटन जिल्ला विकास समितिको अध्यक्ष चुनेको थियो ।

## सम्मान तथा पुरकार

डायमनशमशेर राणाले जीवनकालमा विभिन्न मान, सम्मान र पुरकारहरू पाएका थिए । यिनको जीवन कालमै वि.सं. २०६२ सालमा डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान नेपाल २०६२ थापना भएको छ । यसै संथाको अग्रसरतामा वि.सं. २०६४ असार २१ गते ललितपुरको विशालबजार पार्टी प्यालेसमा उनको नब्बेऔं जन्मदिन भव्यताका साथ मनाइएको थियो । वि.सं. २०७४ असार २२ देखि वि.सं. २०७५ असार २१ सम्म जन्मशताब्दी वर्ष देशभर र विदेशमा समेत विभिन्न कार्यक्रहरू गरी मनाइएको थियो ।

डायमनशमशेर विश्वप्रसिद्ध नोवल पुरकारका लागि नेपालबाट छनौट हुने एक मात्र व्यक्ति हुन् । सन् २००६ को साहित्यतर्फको नोवेल पुरकारका निम्ति नेपालको तर्फबाट यिनको नाम मनोनयन भएको थियो । नेपालका तर्फबाट नाम छनौट हुनु मात्र पनि नेपाल देश, नेपाली भाषा र नेपाली साहित्यका लागि गौरवको कुरा हो । यिनको ‘वसन्ती’ उपन्यास हिन्दु विश्वविद्यालय र पशिचम बङ्गाल युनिभर्सिटीमा नेपाली विषयको पाठयसामग्रीका रूपमा समावेश भएको छ । यिनको ‘सेतो बाघ’ नेपाली, अङ्ग्रेजी, जापानी, फ्रेन्च र जर्मनी भाषामा प्रकाशित भएको छ भने ‘वसन्ती’ र ‘अनिता’ उपन्यास हिन्दीमा प्रकाशित भएका छन् । यिनका विभिन्न संकरण निकनु यिनीप्रतिको सम्मान र यिनको साहित्यिक कृतिको गुणतरीयताको मापन पनि हो ।

## देहावसान

डायमनशमशेर राणाको देहावसान वि.सं. २०६७ फागुन २० गते भएको हो । यिनको देहावसानले नेपाली साहित्यजगत मर्माहत भएको छ । ऐतिहासिक यथार्थवादी युगद्रष्टाको अवसान भएको छ, देशले एउटा असल नेता गुमाएको छ । यिनको अवसानले निष्ठावान् राजनीतिज्ञको अभाव महसुस गर्दै छ । यिनको पाञ्चभौतिक शरीर हामीमाझ नभए पनि यिनको राजनीतिक विचार र साहित्यिक चिन्तनले उनी सदा हामीमाझ अमर रहेका छन् ।

## डायमनशम्शेर राणाको व्यक्तित्व

डायमनशमशेर राणाका साहित्यिक र राजनीतिक दुई व्यक्तित्व छन् । यस खण्डमा उनका साहित्यिक र राजनीतिक व्यक्तित्वका विभिन्न सन्दर्भहरू समीक्षा गरिएको छ ।

## साहित्यिक व्यक्तित्व

नेपाली साहित्यको इतिहासमा डायमनशमशेर राणाका ७ वटा उपन्यासहरू : ‘वसन्ती’ (२००६), ‘सेतो बाघ’ (२०३०), ‘प्रतिबद्ध’ (२०३४), ‘सत्प्रयास’ (२०३८), ‘अनिता’ (२०४६), ‘धनको धब्बा’ (२०५१) र ‘गृहप्रवेश’ (२०५९) प्रकाशित भएका छन् । यिनको पहिलो प्रकाशित उपन्यास ‘वसन्ती’ हो भने अन्तिम ‘गृहप्रवेश’ हो । यिनका उपन्यासहरूमध्ये ‘वसन्ती’, ‘सेतो बाघ’, ‘सत्प्रयास’ र ‘गृहप्रवेश’ ऐतिहासिक यथार्थवादी विषयवतु भएका उपन्यास हुन् भने ‘प्रतिवद्ध’, ‘अनिता’ र ‘धनको धब्बा’ सामाजिक राजनीतिक विषयवतु भएका उपन्यास हुन् । यिनका ऐतिहासिक विषयवतु भएका उपन्यासहरू श्रृङ्खलाबद्ध रूपमा प्रकाशित भएका छन् । वि.सं. १९०२ पूर्वको नेपालको दरबारमा विकसित भएको षड्यन्त्र, जालझेल जता विषयवतु ‘वसन्ती’ उपन्यासमा छ । वि.सं. १९०३ को कोतपर्वदेखि लिएर वीरशमशेरको उदयपूर्व वि.सं. १९३३ सम्मको राणाकालीन सामाजिक अवथाको चित्रण ‘सेतो बाघ’ उपन्यासमा छ । वीरशमशेरको

आगमन, राणाकालीन सत्ता भागबण्डा, देवशमशेरको शासनकालको चित्रण 'सत्प्रयास' उपन्यासमा छ । राजा राजेन्द्रविक्रम शाहको शासनकालमा भएका राजनीतिक घटनाहरू नै 'गृहप्रवेश' उपन्यासको विषयवतु हो । यिनका सामाजिक ऐतिहासिक उपन्यासमा पनि सामाजिक यथार्थलाई चित्रण गरिएको छ । वि.सं. २०२३ सालमा डायमनशमशेर जेलमुक्त भइसकेपछि आफू चारैतिरबाट घेरिएको, केही पनि गर्न नसकेको अवथामा पञ्चायती शासनको विकृति र विसङ्गतिलाई 'प्रतिबद्ध' उपन्यासमा चित्रण गरिएको छ । राजनीतिमा सङ्घर्ष गरेकाहरूभन्दा अवसरवादीहरू अगाडि देखापर्दछन् भन्ने मूल विषयवतुको सेरोफेरोमा 'अनिता' उपन्यास रहेको छ । हाम्रो समाजमा विद्यामान वतन्त्रताको चाहना, गरिबप्रतिको सहानुभूति, राजनीतिक वार्थ, धनको पछि मात्र लाग्ने व्यक्तिहरूको वितृष्णा र दुगर्ति तथा नारीका पीडा र व्यथाजता विषयवतु 'धनको धब्बा' उपन्यासमा चित्रण गरिएको छ ।

डायमनशमशेर राणाका उपन्यासमा राणाकालीन ऐतिहासिक र सामाजिक घटना मुख्य विषयवतु रहेका छन् । "डायमनशमशेरले इतिहास लेखेनन्, ऐतिहासिक आख्यान लेखे जो इतिहास हो र आख्यान पनि हो । इतिहास र आख्यान दुवै विधाको टेक्टमा परिणतिले बाह्य यथार्थ भन्ने कुरा गौण भएको छ" (गौतम, २०६७, पृ. ३५३) । यिनका उपन्यासमा राणा इतिवृत्ति प्रतुत भएका छन् तापनि यिनले इतिहासै लेखेका चाहिँ होइनन् । इतिहास तिथिमितिमै केन्द्रित हुन्छ भने ऐतिहासिक उपन्यासमा इतिहासलाई कलात्मकता दिइएको हुन्छ । "राणाशासन थियो उहाँको विचार र अभिव्यक्ति हिमशिखरभैँ अटल थियो" (भारती, २०६५, पृ. ३७) । डायमनशमशेरले आफ्ना उपन्यासका विषयवतु इतिहासबाट छनौट गरेका छन् जसमा ऐतिहासिक सत्यतथ्य विवरण पाइन्छ भने त्यसलाई साहित्यिक कलात्मकताले सिंगारेर साहित्यिकता प्रदान गरेका छन् जुन सफल कलाकारको शिल्पकारिता पनि हो ।

डायमनशमशेर नेपाली साहित्यलाई विश्वबजारमा परिचित गराउने विश्वस्रष्टा हुन् । यिनका कृति नेपाली भाषामा मात्र सीमित छैनन्, विश्वका विभिन्न भाषामा पनि अनुवाद भइसकेका छन् । यिनका कृति अन्तर्राष्ट्रिय बनेका छन् । 'सेतो बाघ' उपन्यास नेपाली, अङ्ग्रेजी, जापानी, फ्रेन्च र जर्मनी भाषामा प्रकाशित भएको छ भने 'वसन्ती' र 'अनिता' उपन्यास हिन्दीमा प्रकाशित भएका छन् । उनको 'सेतो बाघ' उपन्यास नोबल पुरकारका लागि नाम दर्ता भएको थियो । नेपाली साहित्यको कृति नोबल पुरकारमा नाम दर्ता हुनु मात्र पनि ठुलै प्राप्ति मानिन्छ ।

डायमनशमशेरको लोकतान्त्रिक विचार यिनका उपन्यासमा व्यक्त भएका छन् । यिनी सबै जनताको सुख र सुविता हेर्न चाहने साहित्यकार हुन् । "यिनी 'सेतो बाघ' तथा 'सत्प्रयास' जता उपन्यासमा सामन्तवादलाई प्राथमिकता दिने प्रयासको विपक्षमा उभिन्छन् र लोकतन्त्रवादको सुधारवादको वाञ्छनीयतातिर कलम चाल्दछन्" (गौतम, २०६७, पृ. ३५०) । यिनका उपन्यासमा भ्रष्टाचार, दुराचार, मानवीय कमजोरी, अनैतिकता आदिको चर्चा पाइन्छ । यिनका उपन्यासमा औपन्यासिक रागात्मकता, रोमाञ्चितता र ऐतिहासिक सत्यताको रोचकतापूर्ण सामञ्जय छ" (प्रधान, २०५२, पृ. १२९) । यिनी सरल भाषाशैलीमा साहित्य रच्ने स्रष्टा हुन् । यिनका उपन्यासमा कला र चेतनाको संयोजन र सन्तुलन पाइन्छ । यिनी जनताका साहित्यकार बनेर रहेका छन् ।

## राजनीतिक व्यक्तित्व

डायमनशमशेर राणा वि.सं. २००७ मा नेपाली कांग्रेस पार्टीमा लागी पाटन शाखाको जिल्ला सभापति बनी आफ्नो राजनीतिक यात्रा प्रारम्भ गरेको थिए । यस लगत्तैको आन्दोलनमा उनी सहभागी भएका कारण सत्र दिनसम्म सिंहदरबारमा थुनिएका थिए । राणाशासन विरुद्धमा खुल्लारूपमा राणाशासनलाई हाँक दिने पहिलो जुलुसको नेतृत्व यिनैले गरेका थिए । यिनको मनदेखि मतिष्कसम्म राणाहरूको हत्याश्रृङ्खला, सत्तालोलुपता, निरङ्कुशता, जनताप्रतिको उदासिनता, जनताविरोधी अभियान, सर्वसाधारणप्रतिको पाशविक यातना र व्यवहारबाट दिक्क भएका थिए । यिनको मनमा प्रजातन्त्र र वतन्त्रताको जनलहर चलिसकेको थियो । यसैले उनी राणा भएर पनि राणाकै विरुद्धमा लाग्नु कुनै आश्चर्यको विषय भएन ।

प्रजातन्त्र डायमनको सानैदेखिको सपना थियो, त्यो पूरा भयो । यही प्रजातन्त्रले उनको पूनर्जन्म पनि भएको थियो । यदि प्रजातन्त्र नआएको भए उनी मारिन्थे । प्रजातन्त्र आइसकेपछि यसलाई फुलाउनु र फलाउनु उनको जिम्मेवारी थियो । वि.सं. २००७ देखि २०१५ बिचको समयमा राणा र शाहहरू आफ्नो गुमेको अधिकार फिर्ता ल्याउने प्रयासमा थिए । नेताहरूमा पनि पदलोलुपता छँदै थियो । नेताहरू पदका लागि पार्टी परिवर्तन गर्ने, नयाँ पार्टी खोल्ने, शक्तिकेन्द्र धाउने काममा मग्न थिए । नेताहरूमा राजनीतिक परिपक्कता देखिएको थिएन । प्रजातन्त्रको थापना भएपछि हतियारको व्यवथापन र नेपाली सेनामा प्रजातान्त्रिक पुनर्गठनको कार्य यिनले सफलतापूर्वक, बिनाभेदभाव सम्पन्न गरेका थिए । वि.सं. २०१४ सालमा नेपाली कांग्रेसको नेतृत्वमा भएको भद्रअवज्ञा आन्दोलनमा यिनी सहभागी भएका थिए । यतिबेला यिनी केही समय जेल परेका थिए । वि.सं. २०१५ सालको आमनिर्वाचनमा उनलाई पाटनबाट उठ्नका लागि बिपी र सुवर्णशमशेरले अनुरोध गरेका थिए । आफ्नै पार्टीका अर्का व्यक्ति आशाराम शाक्यलाई समर्थन गरी आफ्नो असली राजनीतिक रूप र वभावको परिचय दिएका थिए ।

वि.सं. २०१५ को प्रथम आमनिर्वाचनमा मलाई नै उठ्नोस् भनी बिपी बाबु र सुवर्णशमशेरले भन्नुभएको थियो । हुन पनि म पाटनको जिल्ला सभापति थिएँ । तर मेरो सोचाइ के थियो भने एक त पाटन नेवार जातिको बाहुल्य भएको, आशाराम शाक्य पनि पनि नेवार भएकाले उनलाई उपायो भने हामी जित्छौँ भन्ने मलाई लागेकाले मैले आफूलाई त्यति महत्व दिइनँ । मैले नै आशाराम शाक्यलाई उम्मेदवारमा सिफारिस गरेको थिएँ । तर नेपाली कांग्रेसले हार भोग्नुपऱ्यो, पार्टीलाई जिताउन सकिनँ । म पाटनको पार्टी जिल्ला सभापति भएको नाताले त्यस हारको जिम्मेवार मै हुँ (गिरी, २०६५, पृ. १२०) ।

वि.सं. २०१५ मा आमचुनाव भई कांग्रेसको एकमना सरकार बने पनि सरकार विरोधी खेलहरू भइ नै रहेका थिए । राजा महेन्द्र पनि शक्ति हत्याउने दाउमा थिए । महेन्द्रको 'कु' को हल्ला जताततै फैलिइरहेको थियो । यस कार्यमा आफू जिम्मेवार बन्नुपर्ने डाममनशमशेरलाई महसुस भयो र तुरुन्तै सेनामा आफ्नो गतिविधि बढाई महेन्द्रलाई कब्जामा लिई सेरेमोनियल किङ बनाउने योजना बनाए तर पार्टीबाट अनुमोदन हुन नसक्दा यो योजना विफल भएको थियो ।

वि.सं २०१७ मंसिर २८ गते राजा महेन्द्र डायमनशमशेरको घरमै गएर तिमीले मलाई सघाउनुपर्छ, राजदूत वा मन्त्रीमध्ये एक बनाउछु भनेका थिए । आफ्नो राणकालीन वैभवलाई समेत तिलाञ्जली दिएर सर्वसाधारण नेपालीसरह जीवनयापन गर्न चाहेका यिनलाई राजाको यो प्रलोभनले किञ्चित पनि प्रभाव पारेन । वि.सं. २०१७ पुस १ गते थापाथलीमा भइरहेको तरुणदलको सभामा भाग लिन जानुपूर्व नै उनी पक्राउ परेका थिए । त्यसै दिन प्रधानमन्त्री बिपीलगायत अरू नेताहरू पनि पक्राउ परेका थिए । पक्राउपूर्व डा. तुलसी गिरीले डायमनशमशेरलाई बिपीतिर नलाग्नु, दुःख पाउनुहुन्छ, राजासित म कुरा मिलाउछु भनेका थिए । निष्ठावान् राजनीतिका धरोहर डायमनशमशेर यता सानातिना प्रलोभनमा परेर आफ्नो

वाभिमान गुमाउन चाहेनन् । राष्ट्रिय वार्थलाई महत्व दिने कुशल राजनीतिज्ञले यता सानातिना वार्थमा सीमित हुने कुरै भएन । छ वर्ष लामो कारावासपछि यिनी वि.सं. २०२३ साउन ६ गते थुनामुक्त भएका थिए ।

डायमनशमशेर राणाको जीवन राजनीतिमै लागेर बित्यो । यिनले घरपरिवारलाई त्यति समय दिन सकेनन् । घर, परिवार र आफ्नो मात्रै वार्थमा लाग्ने व्यक्ति ठुलो मानिस हुन सक्छन् तर असल हुन् सक्दैनन् । यिनी ठुलो मानिसभन्दा पनि असल मानिस हुन पट्टि लागेका थिए । घरपरिवारमै सीमित रहेका भए यिनी अहिले जति चर्चामा छन् त्यति नहुन सक्थे, देश र जनताले अहिलेको जतो मुक्तिको सास पनि फेर्न पनि सक्दैनथ्यो ।

## निष्कर्ष

डायमनशमशेर राणाको व्यक्तित्व साहित्यिक र राजनीतिक गरी दुई खण्डमा विभाजन गर्न सकिन्छ । यी दुई अलगअलग विषय भए पनि यिनमा समानान्तररूपले विकसित भएका छन् । यिनी नेपाली साहित्य र राजनीतिका दुई भिन्नपाटामा सफल हुनुमा पारिवारिक वातावरण, जन्म, बाल्यकाल, शिक्षा, प्रेरणाआदिले प्रभाव पारेको बुझिन्छ । यिनी नेपाली साहित्यको इतिहासमा आख्यान विधाको ऐतिहासिक यथार्थवादी उपन्यास लेखन परम्पराका प्रवर्तक र प्रवर्धक हुन् । देशको वतन्त्रता र सार्वभौमिकता तथा नेपाली जनताको मुक्ति र वतन्त्रताका लागि आफ्नो सम्पूर्ण जीवन तरबारको धारमा हिडाएर, अत्यन्त कष्टपूर्ण जीवनयापन गरेर र लामो समयसम्मको जेलयाचनाका बिच आफ्नो सुखसुविधालाई तिलाञ्जली दिएर नेपाली जनताको मुक्तिको सपना देख्ने यिनी महान् राजनीतिज्ञ र सफल साहित्यकार हुन् । यिनको राजनीतिक र साहित्यिक सम्बन्ध र योगदान नेपाली राजनीतिक इतिहास र नेपाली साहित्यमा अमर रहने छ । यसैगरी यिनी नेपाली सेनामा कार्यरत एक देशभक्त, इमान्दार, नैतिकवान, कर्तव्यनिष्ठ कर्मचारी पनि हुन् । यिनी वि.सं. २००७ सालको प्रजातन्त्रप्राप्तिको लडाईंका प्रजातान्त्रिक योद्धा तथा आन्दोलनका कमान्डर पनि हुन् । राणाकालीन सुखसयलमा हुर्केर पनि सर्वसाधारण जनताको पक्षमा वकालत गर्नु यिनको विशिष्ट पक्ष हो । यिनी जनताका साहित्यकार र जनताका नेता हुन् ।

## सन्दर्भ सामग्रीः


गिरी, हेमाङ्गराज. (२०६५). *सेकेन्ड लेफ्टिनेन्टदेखि नख्खुजेलसम्म.* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

गौतम, कृष्ण. (२०६७). *उत्तरआधुनिक संवाद.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

प्रधान, कृष्णचन्द्रसिंह. (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* तेस्रो संकरण. ललितपुर : साझा प्रकाशन ।

भट्टराई, तलसी. (२०६५). “डायमनशमशेर : सानो शब्दचित्र”.*आख्यानकार डायमन.* ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान. पृ. १०-२४ ।

भारती, शङ्कर. (२०६५). “नेपाली साहित्यिक फाँटका युगपुरुष”. *आख्यानकार डायमन.* ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान. पृ. ३४-४१ ।

राणा, डायमनशम्शेर. (२०५०). *सेतो बाघ.* सातौं संकरण. काठमाडौं : रत्न पुतक भण्डार ।

___________. (२०५१). *धनको धब्बा.* काठमाडौँ : तलेजु प्रकाशन ।

___________. (२०५४). *अनिता.* तेस्रो संकरण. ललितपुर : साझा प्रकाशन ।

___________. (२०५६). *प्रतिबद्ध.* चौथो संकरण. काठमाडौँ : रत्न पुतक भण्डार ।

___________. (२०५६). *सत्प्रयास.* पाँचौँ संकरण. काठमाडौँ : रत्न पुतक भण्डार ।

___________. (२०५८). *वसन्ती.* तेहौँ संकरण. काठमाडौँ : रत्न पुतक भण्डार ।

___________. (२०५९). *गृहप्रवेश.* काठमाडौँ : डायमनशम्शेर राणा साहित्यिक प्रतिष्ठान ।